नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

फोन नं. ०१-५३५२३४८
०१-५३१५७०३
इमेलः info@nvpl.gov.np
website: www.nvpl.gov.np

# राष्ट्रिय खोप उत्पादन प्रयोगशाला

त्रिपुरेश्वर

प.सं. ०७८/७९ मितिः२०७८/०४/०३

## फर्म सूची दर्ता गराउने बारेको सूचना

(प्रथम पटक प्रकाशित सूचना मिति २०७८/०४/०३)

यस प्रयोगशालाको वर्तमान मौजुदा सूचीलाई अझ व्यवस्थित तथा अद्यावधिक गर्नका लागि आ.व. २०७८/७९ मा आवश्यक पर्ने जिन्सी मालससामानहरु पटक पटक गरी खरिद गर्न, सेवा लिन एंव निर्माण तथा मर्मत सम्भार कार्य समेत गर्ने प्रयोजनको लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सामान तथा सेवाहरु आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त आपूर्तिकर्ता, फर्म, संस्था तथा कम्पनीहरुले फर्म रजिष्ट्रेशन प्रमाणपत्र, स्थायी लेखा नं. दर्ता प्रमाणपत्र, आ.व. २०७६/७७ को कर- चुक्ताको प्रमाणपत्र तथा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र एवं व्यवसायिक र एजेन्सी तथा अनुभव सम्बन्धी प्रमाणपत्र भए सोको प्रमाणित प्रतिलिपी समेत समावेश गरी यस प्रयोगशालामा सूची दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**सूची दर्ता गराउनु पर्ने विवरणहरु**

१. स्टेशनरी (मसलन्द) सामानहरु आपूर्ति गर्ने सम्बन्धी कार्य
२. छपाई सम्बन्धी कार्य
३. प्रयोगशालामा आवश्यक उपकरणहरुको खरिद सम्बन्धी कार्यहरु
४. सवारी साधन (मोटरसाईकल) खरिद सम्बन्धी कार्यहरु
५. सवारी साधन ( मोटरसाईकल, सानो-ठूला गाडी) का पाटपूर्जा एवं मर्मत सम्भार गर्ने वर्कशप सम्बन्धी कार्यहरु
६. विज्ञापन सेवा सम्बन्धी कार्यहरु
७. कम्प्युटर, ल्यापटप,स्क्यानर, प्रिन्टर, यु.पि.यस , फोटोकपी मेशिन आदि मर्मत सम्भार सम्बन्धी कार्यहरु
८. प्रयोगशालाका मेशिनरी तथा औजार मर्मत सम्भारका कार्यहरु
९. इन्टरनेट नविकरण गर्ने कार्य
१०.खानेपानी मिनिरल वाटर/जारको पानी तथा ट्याङ्करको पानी आपूर्ति सम्बन्धी कार्यहरु
११.प्रयोगशालालाई आवश्यक पर्ने कच्चा पदार्थ तथा अन्य मालसामान खरिद सम्बन्धी कार्यहरु
१२.खानेपानी ट्याङ्की तथा पाईप मर्मत सम्भार सम्बन्धी कार्य
१३.<u>परामर्श सेवा सम्बन्धी</u>
 १३.१. BSL 2+ Annual Maintenance Contract सम्बन्धी कार्य
 १३.२. प्रयोगशालाको Equipment Calibration and Validation सम्बन्धी कार्य
 १३.३ प्रयोगशालाको Lyophilizer, Boiler, ROको Annual Maintenance Contract सम्बन्धी कार्य

माथि उल्लेखित कुनै कार्य तथा परामर्श सेवाका लागि सूचीकृत हुन इच्छुक फर्म, संस्था तथा कम्पनीले एक भन्दा बढी कार्यको निमित्त आवेदन पेश गर्दा छुट्टाछुट्टै आवेदन फारम भरी बेग्ला बेग्लै खाममा पेश गर्नु पर्नेछ । दर्ता हुन आएका सबैलाई सुचीकृत गर्ने नगर्ने सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस प्रयोगशालामा निहित हुनेछ ।निवेदनको ढाँचा र अन्य जानकरीको लागि यस प्रयोगशालाको फोन नं. ०१५३१५७०३ मा सम्पर्क राख्न सकिन्छ ।

डा.माधव दाहाल
नि.प्रमुख पशु चिकित्सक

अनुसूची- २क.

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

मौजुदा सूचि दर्ता हुनका लागि दिईने निवेदको ढाँचा

मिति:

श्रीमान प्रमुख पशु चिकित्सक ज्यू,

राष्ट्रिय खोप उत्पादन प्रयोगशाला,

त्रिपुरेश्वर काठमाडौं ।

**विषय :– मौजुदा सूचिमा दर्ता गरी पाउँ ।**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपशिलमा उल्लेखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

तपसिल

| | |
|---|---|
| १.मौजुदा सूचिको लागि निवेदन दिने व्यक्ति,सस्था आपूर्तिकर्ता, निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायको विवरण | |
| क. नाम: | ख. ठेगाना : |
| ग. पत्राचार गर्ने ठेगाना: | घ. मुख्य व्यक्तिको नाम: |
| ङ. टेलिफोन नं. | च. मोवाईल नं. |
| २. मौजुदा सूचिमा दर्ता गर्न निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला: | |
| क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ छैन<br>ख) नविकरण गरिएको छ छैन<br>ग) मूल्य अभिवृद्ध कर वा स्थायी लेखा नमवर दर्ताको प्रमाणपत्र छ छैन<br>घ) कर चुक्ताको प्रमाणत्र छ छैन<br>ङ) कुन खरिदको लागि मौजुदा सूचिमा दर्ता हुन निवेदन दिने हो, सो काको लागि ईजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि छ छैन | |

३. सार्वजनिक निकायबाट खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण:–

| | | | |
|---|---|---|---|
| क) मालसामान आपूर्ति : मालसामानको प्रकृति समेत उल्लेख गर्ने ) | | निर्माण कार्य | |
| परामर्श सेवा : (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने | | अन्य सेवा : (अन्य सेवाको प्रकृति उल्लेख गर्ने | |
| निवेदन दिएको मिति : आ.व. : | फर्मको छाप | | निवेदकको नाम : हस्ताक्षर : |